# हतुवागढी राजपत्र

## हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ६ सङ्ख्या : ९ मिति : २०७९/०८/१६


## भाग-२

## हतुवागढी गाउँपालिका

हतुवागढी गाउँपालिका गाउँकार्यपालिकाको बैठकले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

स्वीकृत मितिः २०७९/०८/१६

# हतुवागढी गाउँपालिकाको युवा लक्षित अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९

## परिच्छेदः १

**१.संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यिविधिको नाम “**हतुवागढी गाउँपालिकाको युवा लक्षित अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९** रहने छ ।

ख. यो कार्यविधि हतुवागढी गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ ।

ग. यो कार्यविधि स्थानीय सरकार हतुवागढी गाउँपालिकाबाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ।

क. **“गाउँपालीका”** भन्नाले हतुवागढी गाउँपालिका सम्झनु पर्छ ।

ख. **“कार्यपालीका”** भन्नाले हतुवागढी गाउँपालकिकाको कार्यपालीकालाई संम्झनु पर्छ ।

ग **“शाखा”** भन्नाले हतुवागढी गाउँपालिका पशुपंक्षी सेवा शाखा सम्झनु पर्छ ।

घ. **प्रमुखः** भन्नाले हतुवागढी गाउँपालिको प्रमुख (मेयर/अध्यक्ष) लाई जनाउने छ ।

ङ. **उपप्रमुखः** भन्नाले हतुवागढी गाउँपालिकाको उपप्रमुख (उपमेयर/उपाध्यक्ष) लाई जनाउने छ ।

च. **प्रमुख प्रशासकीय अधिकृतः** भन्नाले हतुवागढी गाउँपालिकाको **प्रमुख प्रशासकीय अधिकृत** लाई जनाउने छ ।

छ. **शाखा प्रमुखः** भन्नाले पशुपंक्षी सेवा शाखाको प्रमुखलाई लाई जनाउने छ ।

ज. **मूल्यांकन समितिः** भन्नाले यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा ५ बमोजिम गठन भएको मूल्याङकन समितिलाई जनाउने छ ।

**३.उद्देश्यः**

क. गाउँपालिकाबाट सञ्चालन हुने पशु पालनसंग सम्बन्धित अनुदान कार्यक्रम कार्यान्वयन प्रकृयालाई सरल, सहज, प्रभावकारी, पारदर्शी बनाउने ।

ख. पशुपंक्षी पालन तथा दुग्ध ब्यवसायलाई दिगो, मर्यादित, प्रतिस्पर्धी एवं उत्पादन मूलक बनाउने ।

ग. अनुदानमा आधारीत कार्यक्रममा अनुदान वितरण प्रकृयालाई सरल र वैज्ञानिकयुक्त बनाई निस्पक्ष र पारदर्शी बनाउने ।

घ. सेवा प्रवाहको प्रकृयालाई सरल,निस्पक्ष र प्रणालियुक्त बनाउने ।

ङ. पशु स्वास्थ्य तथा रोग निदान सेवा प्रकृया गुणस्तरीय बनाउने ।

च. ग्रामिण स्तरमा पशु प्रजनन सुधार गर्ने ।

छ. मासु जन्य उत्पादनमा आत्मनिर्भर बनाउने ।

ज. किसानको आर्थिक स्थिति सुधार गर्ने ।

झ. उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

## परिच्छेदः २
## कार्य सञ्चालन प्रक्रिया

**४. कार्यक्रम कार्यान्वयन प्रकृयाः**

४.३ गाउँपालिकाको कार्यालयले वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी बजेट प्रस्ताव गर्ने छ ।

४.३. कार्यक्रमका लागि बजेट प्रस्ताव गर्दा एक वर्षको लागि सञ्चालन गर्न सकिने आयोजनाका लागि बजेट प्रस्ताव गरिनेछ।

४.३ सम्बन्धित कार्यालयको स्वीकृत बार्षिक कार्यक्रम अनुसार अनुसुचि १ बमोजिमको १५ वा ३० दिने सूचना जारी गरि प्रस्ताव आव्हान गर्ने छ ।

४.३ सुचनामा उल्लेख भए बमोजिम कार्यक्रम सञ्चालनको लागि उपयुक्त र इच्छुक प्रस्तावकहरूले अनुसूचि २ बमोजिमको आवेदन, अनुसुचि ३ बमोजिमको व्यवसायिक योजना, अनुसुचि ४ बमोजिमका लागत साझेदारी प्रतिबद्धता पत्र , अनुसुचि ५ बमोजिमको स्वघोषणा पत्र, अनुसुचि ६ बमोजिमको वडा कार्यालयको सिफारिस पत्र, सूचनामा माग भएबमोजिमका कागजपत्रका साथै अन्य सान्दर्भिक कागजातहरू संलग्न राखि निर्धारीत समय भित्र पशुपंक्षी सेवा शाखामा आवेदन दर्ता गर्नु पर्नेछ ।

४.३ दफा ४ को उप दफा (१) मुताविकको सूचनाको आधारमा निर्धारीत समय भित्र प्रयाप्त प्रस्ताव दर्ता हुन नआएमा सम्बन्धित कार्यालयले म्याद थप को ७/१५ दिने सूचना प्रकाशन गर्न सक्नेछ ।

४.३ रीत नपुगी प्राप्त हुन आएका प्रस्तावहरू उपर कुनै कारबाही हुने छैन ।

४.३ प्राप्त प्रस्तावहरूको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेशन र सिफारिसका लागि प्रस्ताव मूल्याङ्कन तथा सिफारिस देहाय वमोजिम रहनेछ ।

**अनुदान प्रस्तावहरूको मूल्याङ्कन तथा सिफारिस समितिः**

संयोजकः आर्थिक विकास समितिको संयोजक

सदस्यः गाउँपालिका कृषि विकास शाखा प्रमुख

सदस्यः गाउँपालिका पशुपंक्षी सेवा शाखाको कार्यक्रम हेर्ने फोकल पर्सन

सदस्य सचिवः गाउँपालिका पशुपंक्षी सेवा शाखा प्रमुख

मूल्यांकन समितिले आवश्यक ठहर्याएको खण्डमा बढीमा ३ जना सम्म विज्ञलाई मूल्याङ्कन प्रक्रियामा आमन्त्रण गर्न सक्नेछ ।

(१) प्रस्ताव मुल्याङ्कन तथा सिफारिस समितिले आवश्यक ठानेमा रित पुर्वक पेश हुन आएका प्रस्तावहरूको प्रारम्भिक छनौट सहितको सूचि पेश गर्नका लागि कर्मचारीलाई जिम्मेवारी दिन सक्नेछ ।

(२) प्रस्ताव मुल्याङ्कन तथा सिफारिस समितिले प्राविधिक टोलि परिचालन गरि अनुसुचि ७ बमोजिमको फिल्ड भेरिफिकेशन गर्ने छ। साथै आवश्यक ठानेमा समिति स्वयंले समेत सिफारिस पुर्व स्थलगत निरिक्षण गर्न सक्नेछ ।

(३) प्रस्ताव मुल्याङ्कन तथा सिफारिस समितिले अनुसूचि ७ बमोजिमको प्रस्तावहरूको मुल्याङ्कनगरि प्राथमिकिकरण सहितकोसूचि स्वीकृतका लागि सम्वन्धित कार्यालय प्रमुख समक्ष पेश गर्ने छ ।

(४) सम्बन्धित कार्यालय प्रमुखले स्वीकृत पश्चात छनौट भएका र वैकल्पिक छनौटमा परेकाको प्रस्तावहरूको नामावलि र सम्झौता गर्न आउने म्याद समेत तोकि सम्बन्धित कार्यालयको सूचना पाटिमा सूचना टाँस गरिने छ ।

## परिच्छेदः ३

### ५. सम्झौताः

(१) स्वीकृत प्रस्तावका आवेदन संग सम्बन्धित कार्यालयले अनुसुची ९ बमोजिमको द्धिपक्षिय सम्झौता गरि कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) तोकिएको अवधि भित्र द्धिपक्षिय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावक सँग सम्झौता गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(३) द्धिपक्षिय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मुल आधार बनाईने छ ।

### ६. अनुदान प्रवाहका शर्तहरुः

(१) प्रस्ताविक कार्यक्रमका लागि योग्यता पुगेको सस्थागत प्रस्तावकहरुको हकमा सूचना प्रकाशन हुनु अगावै प्रचलित कानुन बमोजिमको निकायमा विधिवत दर्ता भएको हुनु पर्दछ ।

(२) विगत ३ वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय वा मातहतका निकाय एवं संघीय सरकार अन्तर्गतका कृषि तथा पशुपन्छि विकास मन्त्रालय वा मातहतका निकायहरुबाट सोहि प्रकृतिको कामका लागि अनुदान प्राप्त गरेका आवेदक पुनः अनुदानका लागि योग्य मानिने छैन। तर अपूरो निर्माण कार्य वा कार्यक्रमलाई पूर्णता दिई सञ्चालनमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न वाधा पर्ने छैन।

(३) साझेदारले मेशिनरी, उपकरण, ढुवानीको साधन र अन्य विशिष्टिकृत सामानहरु खरिद गर्दा सो को स्पेसिफिकेसन, कोटेशन र निर्मित कम्पनि/फर्म आदिको विवरण सम्बन्धित कार्यालयमा पेश गरि पूर्व स्वीकृति लिएर खरिद गर्नु पर्नेछ। साथै यस्तो खरिद कार्य गर्दा नियमानुसार आधिकारिक भ्याट/पानमा दर्तावाला व्यवसायिक फर्मले जारि गरेको बिल विजक पेश नगरेको खण्डमा सम्बन्धित कार्यालयले सम्झौता मुताविकको रकम भुक्तानी दिन बाध्य हुने छैन ।

(४) लिजको जग्गामा कार्यक्रम सञ्चालन हुने भएमा सम्बन्धित जग्गा धनि सँग कम्तिमा १० वर्षको करारनामा वा सम्झौता गरेको हुनु पर्नेछ ।

(५) कार्यक्रम सञ्चालन गर्न सामाजिक, वातावरणिय, प्राविधिक, वित्तिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ ।

(६) अनुदानको लागि प्रस्ताव पेश गर्ने संगठित संस्थाको हकमा नियमानुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको, स्थायी लेखा नम्बर प्राप्त गरेको, नियमित लेखा परीक्षण भएको र कुनै कारवाहीमा नपरेको हुनु पर्नेछ ।

(७) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह रकम असुली र कारवाही हुनेछ ।

(८) कार्यक्रम सञ्चालनको लागि प्रस्ताव पेश गर्दा साझेदारी बजेट रु. १० हजार वा सो भन्दा बढी भएको अवस्थामा व्यवसायिक कार्य योजना पेश गर्नु पर्नेछ ।

(९) प्रस्तावकले लागतको कम्तिमा ५० प्रतिशत लागत साझेदारी गरेको हुनु पर्नेछ ।

(१०) अनुदानमा स्थापना भएको उपकरण, भौतिक संरचना र सामाग्रीहरु अन्य कार्यमा प्रयोग गर्न पाइने छैन ।

(११) तालिम, भ्रमण, गोष्ठी, तलब, भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराइने छैन ।

**परिच्छेदः ४**

**७. भुक्तानी प्रक्रियाः**

(१) सम्बन्धित साझेदारले सुरुमा आफनो तर्फको लगानी बाट सम्झौता अनुसारको कार्य सम्पन्न गरि भौतिक निर्माणको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त प्राबिधिकले तयार गरेको रनिङ्ग बिल, मेजरमेन्ट, कार्य सम्पन्न प्रतिबेदन तथा अन्यको हकमा नियम अनुसारका कोटेशन, बिल बिजक, दाखिला प्रतिवेदन एवं फोटोग्राफ आदि कागजात संलग्न राखी भुक्तिानीको लागि अनुरोध गरे पश्चात सम्बन्धित कार्यालयले स्थलगत निरीक्षण गरी मनासिव ठहरेमा रनिङ्ग बिलको आधारमा सम्पन्न भएको कामको भुक्तानी दिनेछ।

(२) वार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रहि कार्यक्रम सञ्चालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सीमा तोकिनेछ साथै कार्यक्रम ५०/५० प्रतिशतको लागत साझेदारी सञ्चालन हुनेछ। अर्थात यस हतुवागढी गाउँपालिकाले प्रदान गर्ने अनुदान रकमलाई कार्यक्रम सञ्चालन लागतको ५० प्रतिशत बराबर मानी बाँकि ५० प्रतिशत रकम सम्बन्धित साझेदार स्वयंले व्यहोर्नु पर्नेछ ।

(३) भुक्तानी गरिने रकम बाट नियम अनुसारका कर कट्टी गरि बाँकि रकम उपलब्ध गराईनेछ ।

(४) कार्यालयले साझेदार संग द्विपक्षीय सम्झौता गर्दा कुन कार्यक्रम सञ्चालन गर्न कति रकम अनुदान उपलब्ध गराउने हो र सो रकमको भुक्तानी कसरी गरिन्छ भन्ने कुरा स्पष्ट खुलाउनु पर्नेछ ।

(५) सामान्यतयाः अनुदान रकमको भुक्तानी कार्य सम्पादनको आधारमा बढिमा दुई किस्तामा गरिनेछ । तर रु.१ लाख सम्मका अनुदान रकमको भुक्तानी कार्य सम्पन्न भए पश्चात एकै किस्तामा साझेदारको बैंक खाता मार्फत हुनेछ।

**८. कार्यक्रम कार्यान्वयन सम्बन्धि जिम्मेवारी तथा दायित्वः**

(१) कार्यक्रम कार्यान्वयनका सिलसिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानी सम्बन्धि जिम्मेवारी र दायित्व सम्बन्धित कार्यालयको हुनेछ।

(२) सम्झौता अनुसारश कार्य निर्धारित समय भित्र उच्च गुणस्तर कायम राखी सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ।

(३) साझेदारले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धि कार्यालय वा अन्य निकाय र क्षेत्रबाट समेत प्राप्त खरिद गर्न सक्नेछ।

(४) अनुदान ग्राहिले कार्यक्रम सञ्चालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ.

**परिच्छेदः ५**

**९. अनुगमन र मुल्याङ्कनः**

(१) आवश्यकता अनुसार सम्बन्धित सरोकारवालाहरु बाट र भुक्तानी प्रयोनजको लागि सम्बन्धित विज्ञ र प्राविधिक टोलिहरुबाट कार्यक्रमको अनुगमन, मुल्याङ्कन गर्न सकिनेछ ।

(२) अनुदानको उपयोग प्रगतिको अवस्था र कार्यविधि बमोजिमका शर्तहरु पालन भए नभएको हतुवागढी गाउँपालिका पशुपंक्षी सेवा शाखाले नियमित अनुगमन गर्नेछ ।

(३) अनुगमन टोलिले अनुदान उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र यसरि दिइएको निर्देशन पालना गर्नु सम्बन्धित साझेदारको कर्तव्य हुनेछ ।

(४) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होडिङ बोर्ड तयार गरि अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरि सार्वजनिक जानकारिको लागि राख्नु पर्नेछ ।

**परिच्छेदः ६**

## १.अनुदानका कार्यक्रमहरु :

### १.१ व्यवसायिक बाख्रा फर्महरुमा उन्नत बिउ बोका वितरण कार्यक्रमः

आय आर्जन, रोजगारी सृजना र गरिबि न्युनिकरणका सन्दर्भमा बाख्रापालन व्यवसायको महत्वपूर्ण स्थान रहेको छ । विगतमा समेत मासु उत्पादनका लागि उपयुक्त मानिएका उच्च उत्पादकत्व युक्त विदेशी नक्षका बाख्राहरु आयात गरि स्थानीय बाख्रामा प्रजनन गराई उत्पादकत्व अभिवृद्धिका लागि नश्ल सुधारका प्रयासहरु हुदै आएको छ। पछिल्ला केहि वर्ष यता बाख्रापालक कृषकहरु माझ बाख्रा पालनको लोकप्रियता बढेको छ । बाख्राको नक्ष सुधार गरि उत्पादकत्व वृद्धि गर्न तथा व्यवसायिकरणमा टेवा पुर्याउने उद्देश्यले हतुवागढी गाउँपालिकाले उन्नत जातको बिउ बोकाको वितरण कार्यक्रम सञ्चालनमा ल्याएको छ ।

**सहभागि मापदण्डः**

(क) निजी व्यवसायिक बाख्रा फर्म कम्तिमा २० वटा प्रजनन् योग्य माउ पालन गरेको फर्म ।

(ख) कम्तीमा १० जना सदस्य समुहमा आबद्ध भएका प्रति समूह कम्तिमा प्रति सदस्य कम्तिमा ५ वटा प्रजनन योग्य माउ पालन गरेको वा सो सख्यामा पालन गरि व्यवसाय गरिहेको समुह ।

**कार्यक्रम संचालन हुने क्षेत्रहरुः**

- कार्यालय बाट स्वीकृत भएका कार्यक्रमहरु गाँउपालिका क्षेत्र भित्र संचालन गर्न सक्ने छ ।

**कार्यक्रम संचालन अवधिः**

- सम्झौता बमोजिम हुनेछ ।

**अनुदान रकमको उपयोगः**

- यस कार्यक्रमबाट उपलब्ध हुने अनुदान रकम बाट प्रजनन योग्य उन्नत/बोयर जातको बोका खरिद गर्न सकिने छ ।
- अन्तरजिल्ला ढुवानीमा प्रति गोटा रु ५०००। (पाँच हजार)/स्थानीय ढुवानीमा प्रति गोटा रु १०००। (एक हजार खर्च गर्न सकिने छ ।

**कार्यक्रमको प्राविधिक पक्षः**

१, तोकिएको अनुसूचीहरु भरी पेश गर्नु पर्नेछ ।
२, व्यवसायिक बाख्रापालन फार्मको हकमा प्रति फार्म कम्तिमा २० वटा प्रजनन योग्य माउ बाख्रा संख्या हुनु पर्ने
३, उन्नत जात/बोयर जातको प्रजनन योग्य बोका खरिद गर्नुपर्ने ।
४, दर्ता भएका फर्म/सुचिकृत भएका फर्मबाट खरिद कार्य गर्नुपर्ने ।
५, तोकिएको खोप लगाएको हुनुपर्ने ।

**आर्थिक पक्ष :**

१,अनुदान रकम ५० प्रतिशत (अधिकतम रु ५०,०००।)मात्र प्राप्त हुनेछ ।
२, ढुवानीमा अधिकतम प्रति गोटा रु २०००। खर्च गर्न सकिनेछ ।
३, प्रविधिक जाचपास/प्रतिवेदन पश्चातमात्र अनुदान रकम भुक्तानी हुने ।

### १.२. ब्यवसायिक बंगुर फर्म प्रवर्द्धन (गोठ/खोर निर्माण सुधार) कार्यक्रम :

**क) सहभागि मापदण्डः**

१, निजी व्यवसायिक बंगुरपालन फर्म कम्तिमा ४ वटा प्रजनन् योग्य माउ बंगुर पालन गरेको फर्म ।

२, सामुहिक व्यवसायिक बंगुर पालन फर्म बंगुर पालन कृषक समूह,समितिमा आवद्ध भएका र प्रति समूह कम्तिमा १० जना सदस्य भै प्रति सदस्य कम्तिमा १ वटा प्रजनन योग्य माउ बंगुर पालन गरेको वा सो सख्यामा बंगुर पालन गरि व्यवसाय शुरु गर्ने फर्म ।

३, मासु उत्पादनको लागी भए कम्तीमा ७ वटा भन्दा माथि वयस्क बंगुरको संख्यामा बंगुर पालन गरि आएका ब्यवसायीहरु हुनु पर्ने छ

**ख) कार्यक्रम संचालन हुने क्षेत्रहरुः**

- कार्यालयबाट स्वीकृत भएका कार्यक्रमहरु गाँउपालिका क्षेत्र भित्र संचालन गरिनेछ.

**ग) कार्यक्रम संचालन अवधिः**

- सम्झौता बमोजिम हुनेछ ।

**घ) अनुदान रकमको उपयोगः**

१, बंगुरको खोर निर्माण, सुधार ।
२, फार्मको जैविक सुरक्षाको लागि बारवन्देज ।
३, फार्म व्यवस्थापनमा आवश्यक औजार उपकरण खरिद ।

**ङ) कार्यक्रमको प्राविधिक पक्षः**

१, सम्झौता/कार्ययोजना अनुसार कार्य गर्नुपर्नेछ ।
२, तोकिएको अनुसूचीहरु भरी पेश गर्नु पर्नेछ ।
४, अनुसूची-३,(व्यवसाय योजना) मा उल्लेख भएको भौतिक संरचनाका कार्य अनुसूची ७, (स्थलगत प्रमाणिकरण),अनुसूची-८(प्रस्ताव मुल्यांकन) मा सफल भएमा प्राविधिकले स्थलगत अनुगमन गरि तयार गरेको ल.ई अनुसारको कार्य गर्नु पर्नेछ ।

**च) आर्थिक पक्ष :**

१, अनुदान रकम ५० प्रतिशत (अधिकतम रु ५०,०००।)मात्र प्राप्त हुनेछ ।
२, प्रविधिक जाचपास/प्रतिवेदन पश्चातमात्र अनुदान रकम भुक्तानी हुने ।

## १.३. युवा लक्षित पशु विकास कार्यक्रम (बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई साझेदारीमा पशुपालन तथा दुग्ध व्यवसाय संचालन अनुदान):

**क) सहभागि मापदण्डः**

बैदेशिक रोजगार(तेस्रो मूलूक) बाट फर्किएका यूवाहरुले समुहमा आबद्ध भई वा नभई यस अनुदानका कार्यक्रममा सहभागी हुन पाउनेछन ।

**ख) कार्यक्रम संचालन हुने क्षेत्रहरुः-**

- कार्यालयबाट स्वीकृत भएका कार्यक्रमहरु गाँउपालिका क्षेत्र भित्र संचालन गरिनेछ.

**ग) कार्यक्रम संचालन अवधिः-**

- सम्झौता बमोजिम हुनेछ ।

**घ) अनुदान रकमको उपयोगः**

**१.अनिवार्य :**

क, उन्नत जातका गाई/भैसी खरिद तथा ढुवानी गर्ने ।

२.सो बाहेक देहायका कायर्यमा अनुदान रकमको उपयोग गर्न सकिने छ ।

क,गोठ/भकारो सुधार,

ख,मिल्क क्यान,आधुनिक मदानी लगायतका दुग्ध उत्पादन तथा दुग्ध जन्य पदार्थ विविधिकरणको लागि आवश्यक पर्ने औजार उपकरणहरु खरिद गर्न सकिने ।

**ङ) कार्यक्रमको प्राविधिक पक्षः**

१, यस कार्यक्रमका लागि ३० दिने सूचना प्रकाशन गरिनेछ ।
२, बैदेशिक रोजगार बाट फर्किएका यूवाहरुलाई बिशेष प्राथमिकीकरण सहित छनौट गरिनेछ ।
३, फर्म /समुहहरुको सम्बन्धित निकायमा अनिवार्य रुपमा दर्ता र नविकरण भएको हुनुपर्ने छ ।
४, तोकिएको अनुसूचीहरु भरी पेश गर्नु पर्नेछ ।
५, उन्नत गाई/भैसी खरिद गर्दा कम्तीमा २ बर्ष उमेर पुगेको र प्रजनन योग्य, जातिय गुण भएको हुनुपर्नेछ ।
६, उन्नत गाई/भैसी खरिद गर्दा धनकुटा, सुनसरी,मोरङ्ग लगायतका छिमेकी जिल्लाबाट गर्नु पर्नेछ ।
७, उन्नत गाई/भैसी खरिद कार्य ब्यक्ति/फर्मबाट गर्न सकिनेछ ।
८, सामग्री खरिद दर्ता भएका पसलबाट गर्नु पर्नेछ ।
९, तोकिएको खोप लगाएको हुनुपर्ने ।
१०, गोठ/भकारो सुधारका लागि प्राविधिक ल.ई अनुसार गर्नु पर्नेछ ।
११, अनुसूची-३ बमोजिम व्यवसाय योजना पेश गर्नु पर्नेछ ।
१२, अनुसूची-३,(व्यवसाय योजना) मा उल्लेख भएको भौतिक संरचनाका कार्य अनुसूची ७, (स्थलगत प्रमाणिकरण),अनुसूची-८( प्रस्ताव मुल्यांकन) मा सफल भएमा प्राविधिकले स्थलगत अनुगमन गरि तयार गरेको ल.ई अनुसारको कार्य गर्नु पर्नेछ ।

**च) आर्थिक पक्ष :**

१, अनुदान रकम ५० प्रतिशत (अधिकतम रु १००,०००। एक लाख ) मात्र प्राप्त हुनेछ ।
२, पशु ढुवानीमा अधिकतम प्रति गोटा रु ५०००। खर्च गर्न सकिनेछ ।
३, प्रविधिक जाचपास/प्रतिवेदन पश्चातमात्र अनुदान रकम भुक्तानी हुने ।

**परिच्छेदः ७**

**(१४) आर्थिक प्रशासन सेवाः**

कार्यक्रमको लेखाङ्कन, कारोवार, लेखा परिक्षण गर्दा आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधि नियमावलि २०६४ सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावलि २०६४ बमोजिम गरिने छ ।

**परिच्छेद ८**

**(१५) थपघट वा हेरफेर गर्न सक्ने**

१. यो कार्यवधिको कार्यान्वयन लाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँपालिकाले आवश्यकता अनुसार ब्याख्या गर्न सक्नेछ ।

हलेसीतुवाचुङ राजपत्र

## अनुसूची-१

### प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति................

हतुवागढी गाउँपालिका गाउँ कार्यपालिका घोडेटार भोजपुरको आ.व २०.../... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यक्रम युवा लक्षित अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ बमोजिम लागत साझेदारीमा सञ्चालन गर्ने ईच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५/३० औं दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जनकारी गराइन्छ ।

| क्र.स | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्ने सम्भावित: साझेदार कार्यहरु |
|---|---|---|---|---|
| | | | | |

प्रस्ताव साथ सम्मिलित हुनुपर्ने कागजातहरु:

१.अनुसूची-२ बमोजिम रु.१० को टिकट टाँस गरेको आवेदन ।
२.नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
३.कार्यक्रम कार्यान्वयन प्रक्रियामा तोकिए बमोजिमका अनुसूचीहरु ।
४.कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि ।
५.लिजमा लिएको जग्गाको हकमा करारनामा वा सम्भौता पत्र ।
६.प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा संस्था/फर्म/व्यवसाय दर्ता तथा नवीकरण र पान भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
७.समूह/समिति/सहकारीको हकमा कार्य समितिको निणर्यको प्रतिलिपि ।
८.अघिल्लो आ.व को लेखा परीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
९.अनुसूचि ३ बमोजमिको व्यवसायीक योजना, अनुसूची ४ बमोजिमको लागत साझेदारी गर्ने प्रतिवद्धता , अनुसूची ५बमोजिमको स्वघोषणा र अनुसूची ६ बमोजिमको सिफारिस पत्र ।
१०.कार्यक्रमको प्रकृति अनुसार थप कागजात आवश्यक परेमा उल्लेख गर्न सकिनेछ ।

थप जानकारीका लागि ............................को फोन नं......................................मा सम्पर्क राख्न सकिनेछ ।

हतुवागढी राजपत्र

## अनुसूची-२

## निवेदन

श्री......................

......................................

विषयः प्रस्ताव पेश गरिएको बारे ।

हतुवागढी गाउपालिका गाउँ कार्यपालिकाको कार्यालयले मिति......................मा प्रकाशित सूचना अनुसार म/फर्म......................................................को निवेदकले देहायका कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्न ईच्छुक भई आवश्यक कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

तपसिल :

प्रस्तावित कार्यक्रमको नाम :
कार्यक्रम सञ्चालन हुने स्थानको पुरा ठेगानाः
संलग्न कागजातहरुको सूचिः

| क.स | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |

निवेदक
नाम :
दस्तखत :
मितिः
सम्पर्क नं.

हतुवागढी राजपत्र

अनुसूची-३
व्यवसाय योजना

(१) प्राविधिक प्रस्ताव

| | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवेदकको नाम | |
| ४ | ठेगाना | |
| ५ | आवेदकको सम्पर्क नम्बर | |
| ६ | समुह/फर्म व्यवसायको दर्ता नम्बर | |
| ७ | दर्ता भएको कार्यालय र मिति | |
| ८ | प्रस्तावित कार्यक्रमको उद्देश्य | |
| ९ | क्रियाकलापहरु : (प्राथमिक्ताको आधारमा ) | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

| | | | | |
|---|---|---|---|---|
| १० | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधार | | | |
| १०.१ | सडक सुविधा छ /छैन | | नजिकको बजारको नाम | |
| १०.२ | कस्तो सडक छ(पक्कि/कच्चि) | | बजारसम्मको दुरि(कि.मि) | |
| १०.३ | बिजुलिको सुबिधा छ/छैन | | सदरमुकाम देखिको दुरिकि.मि) | |

(२)आर्थिक प्रस्ताव

प्रस्तावमा उल्लेखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण :

| क्र.स | मुख्य मुख्य क्रियाकलापहरु (प्राथमिक्ताको आधारमा ) | इकाई | परिमाण | प्रतिइकाई दर रु. | कुल लागत रु. | प्रस्तावकको योगदान रु. | सम्बन्धित कार्यालयको अनुदानबाट व्यहोरिने रकम रु | प्रस्तावकले व्यहोर्ने रकमकको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| जम्मा (रु.) | | | | | | | | |
| माथि उल्लेखित विवरणहरु ठीक साचाँ छ, झुठो ठहरेमा कानुन बमोजिम सहुँला बुझाउँला । | | | | | | | | |
| संस्थाको जिम्मेवार पदाधिकारीको | | | | | | | | |

| | |
|---|---|
| नाम | |
| पद | |
| हस्ताक्षर | |
| मिति | |
| संस्थाको छाप | |

नोटः आवेदकको योगदानमा जग्गाको मूल्य समावेस गर्न पाईने छैन ।

**अनुसूची-४**

## लागत साझेदारीको प्रतिवद्धता

हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय घोडेटार भोजपुरले मिति ..........................गते प्रकाशित सूचना अनुसार हतुवागढी गाउँपालिका वडा नं.........,.......................... गाँउ/टोल स्थायी ठेगाना भएको श्री .............. ..............................ले लागत साझेदारीमा ........................ कार्यक्रम सञ्चालनका लागि पेश गरेको व्यवसाय योजना अनुसार अनुमानित कूल लागत रु...................................को ......प्रतिशतले हुन आउने रु. ..........................अक्षरुपि .....................................बराबरको लगानी आफनो आन्तरिक श्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु।

| दायाँ | बायाँ |
|---|---|
| | |

नबेदकको
दस्तखतः
नामः
मितिः
संस्थाको छापः

हतुवागढी राजपत्र

## अनुसूची-५

### समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा

हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय घोडेटार भोजपुरले मिति ........................गते प्रकाशित सूचना अनुसार

हतुवागढी गाउँपालिका वडा नं......,..........................गाँउ/टोल स्थायी ठेगाना भएको श्री.............................................ले लागत साझेदारीमा ........................................................ कार्यक्रम सञ्चालनका लागि पेश गरेको व्यवसाय योजना संग मेल खाने कार्यका लागि विगत ३ वर्ष भित्र संघीय सरकार वा प्रदेश सरकारको मातहतका मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्रबाट अनुदान नलिएको स्वघोषणा गर्दछु । अन्यथा फेला परेर कसुरदार ठहरेमा सम्झौता रद्द लगाएत नियमानुसारका अन्य सजाय भोग्न समेत तयार छु ।

निबेदकको<br>
दस्तखत:<br>
नाम<br>
संस्थाको छाप:<br>
मिति:

| दायाँ | बायाँ |
|---|---|
| | |

हतुवागढी राजपत्र

**अनुसूची-६**
**वडा कार्यालयको सिफारिस पत्र**

श्री......................

बिषयः: सिफारिस गरिएको बारे ।

हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय घोडेटार भोजपुरले मिति ..........................गते प्रकाशित सूचना अनुसार

हतुवागढी गाउँपालिका वडा नं......,..........................गाँउ/टोल स्थायी ठेगाना भएको श्री..............................................ले लागत साझेदारीमा ........................................ कार्यक्रम सञ्चालनका लागि सिफारिस पाँउ भनी यस कार्यालयमा निवेदन दिएकोमा संलग्न कागजातकोहरुको अध्ययन तथा आवश्यक जाँचबुझ गर्दा निजले पेश गरेका विवरणहरु सहि रहेको र सोही प्रकृतिको कार्यमा बिगत ३ वर्षे भित्र कुनै अनुदान लिएको देखिन नआएकाले निजको प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्ने
दस्तखत
नाम
पद
मिति

हतुवागढी राजपत्र

## अनुसूची-७

### स्थलगत प्रमाणीकरण मुल्याङ्कन फारम

(क) सामान्य जानकारी

(१) जिल्ला:

(२) आबेदकको नाम:

(३) स्थायि ठेगाना:

(४) प्रस्तावित कार्यक्रमको नाम:

(५) कार्यक्रम सञ्चालन स्थलको ठेगाना:

(६) स्थलगत प्रमाणीकरण मिति:

(७) स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारीको विवरण:

| क्र.स | पदाधिकारीहरुको नाम | पद | सहि |
|---|---|---|---|
| | | | |
| | | | |

(ख) आवेदकको मुल्याङ्कन

| क्र.स | मुल्याङ्कनका सूचकहरु | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **भौतिक क्षमता** | **३०** | |
| | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफनै स्वामित्वको छ/छैन | ५ | |
| | प्रस्तावित कार्यक्रम सञ्चालन गर्न प्रयाप्त जग्गा छ/छैन | ५ | |
| | भविष्यमा विस्तारका लागि लागि जग्गा उपलब्ध हुन सक्ने संभावना छ/छैन | ५ | |
| | बाढि पहिरोले क्षती नपुग्ने अवस्था छ/छैन | ५ | |
| | कार्याक्रम कार्यान्वयन स्थलमा बाटो, पानी, बिजुलीको सुबिधा छ/छैन | ५ | |
| | भौगोलिक हिसावले उक्त स्थानमा प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त छ/छैन | ५ | |
| २ | **प्राविधिक क्षमता** | **१५** | |
| | प्रस्तावित कार्यक्रमसंग मेल खाने क्रियाकलापमा हाल संलग्नता छ/छनै | ५ | |
| | आवश्यक प्राविधिक सेवा टेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | ५ | |
| | आवेदक सम्वन्धित बिषयको तालिम अनुभव प्राप्त छ/छैन | ५ | |
| ३ | **वित्तिय क्षमता** | **१५** | |
| | आवेदक लागत साझेदारी गर्न सक्ने आर्थिक अवस्था छ/छैन | ५ | |
| | साझेदारीका लागि बैक मौज्दात वा संचालित कारोवार बचत छ/छैन | ५ | |
| | आवश्यक रकम वित्तिय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | ५ | |
| ४ | **वातावरणीय उपयुक्तता** | **१०** | |
| | प्रस्तावित कार्यक्रम कार्यन्वयन गर्दा स्थानीय बासिन्दाबाट विरोध नहुने अवस्था छ/छैन | ५ | |
| | प्रस्तावित कार्यक्रमले वातावरणमा नकरात्मक असर नपुग्ने अवस्था छ/छैन | ५ | |
| **५** | **अन्य पक्षहरु** | **२०** | |
| ५.१ | संस्था/व्यक्तिको व्यवसायिक क्रियाशिलता छ/छैन | ५ | |
| ५.२ | दर्ता, नविकरण, अडिट, र करचुक्ता अध्यावधिक छ/छैन | ५ | |
| ५.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुन सक्ने अवस्था छ/छैन | ५ | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारीकरण हुन सक्ने अबस्था छ/छैन | ५ | |

| | | | |
|---|---|---|---|
| **६** | **स्थलगत टोलीको राय** | **१०** | |
| ६.१ | प्रस्तावमा उल्लेखित कुरा र स्थलगत अवस्था बिच समानता छ/छैन | ५ | |
| ६.२ | आवेदक संग लागत साझेदारी गर्न उपयुक्त छ/छैन | ५ | |
| जम्मा | | १०० | |

नोटः उपरोक्तानुसार स्थलगत प्रमाणिकरणका दौरान सकरात्मक अवस्था भेटिए ५ अङ्कर नकरात्मक अवस्था भेटिए ० अङ्क प्रदान गर्दा कूल ४० अङ्क प्राप्त गर्न सफल प्रस्तावहरुको प्राथमिकिकरण गरिने छ । कूल ४० भन्दा कम अङ्क प्राप्त गरेका प्रस्तावहरु छनौटका लागि प्रस्ताव मुल्याङ्कन तथा सिफारिस समितिमा पेश गरिने छैन ।

(ग) आवेदक संग विद्यमान संरचना, सवारि साधन, मेशिनरि र उपकरणहरुको विवरण

| क्र.स | विवरण | परिमाण | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

(घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने

(१)

(२)

(३)

(४)

(ङ) स्थलगत प्रमाणीकरण टोलिको राय

स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदक संग लागत साझेदारी गरि प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुन्छ/हुदैन भनि राय पेश गर्ने ।

| क्र.स | स्थलगत प्रमाणीकरण गर्ने पदाधिकारीको नाम | हुन्छ/हुदैन | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**अनुसूची-८**

प्रस्ताव मुल्यांकन फाराम

| क्र.स | मुल्यांनका आधारहरु | पुर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **संस्थाको अनुभव** | **५** | |
| | ३ बर्ष भन्दा कम | १ | |
| | ३ देखि ५ वर्ष सम्म | २ | |
| | ६ देखि ८ वर्षसम्म | ३ | |
| | ९ देखि ११ बर्ष सम्म | ४ | |
| | १२ भन्दा माथि | ५ | |
| २ | **कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूवाधारको अवस्था** | **२०** | |
| | सडक सुविधा भएको | ४ | |
| | बिजुलिको सुविधा भएको | २ | |
| | खानेपानिको सुविधा भएको | २ | |
| | जग्गा आफनो भएको | ८ | |
| | आफ्नै स्वामित्वको भवन, भैतिक पुर्वाधार सवारी साधन यन्त्र उपकरण भएको | ४ | |
| ३ | प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम(संस्थाको हकमा स्थायी कामदारहरुको ) | १० | |
| ३.१ | ७ दिन अवधि सम्मको तालिम | २ | |
| ३.२ | ७ देखि १५ दिन अवधि सम्मको तालिम | ४ | |
| ३.३ | १६ देखि ३० दिन अवधि सम्मको तालिम | ६ | |
| ३.४ | १ महिना देखि ३ महिना अवधि सम्मको तालिम | ८ | |
| ३.५ | ३ महिना भन्दा बढि अवधिको तालिम | १० | |
| ४ | वित्तिय क्षमता | ४ | |
| ४.१ | स्वलगानी गर्न सक्ने आधार भएको | २ | |
| ४.२ | अन्य निकायबाट सहयोग प्राप्त गर्न सक्ने अवस्था रहेको | २ | |
| ५ | प्रत्यक्ष लाभान्वित संख्या | ५ | |
| ५.१ | ५ जना सम्म | १ | |

स्थानीय राजपत्र

| | | | |
|---|---|---|---|
| ५.२ | ५ देखि १० जना सम्म | २ | |
| ५.३ | ११ देखि १५ जना सम्म | ३ | |
| ५.४ | १६ देखि २० जना सम्म | ४ | |
| ५.५ | २१ भन्दा बढि | ५ | |
| ६ | वातावरणीय उपयुक्तता | ६ | |
| ६.१ | प्रस्तावित कार्यक्रमको वातावरणीय प्रभाव आंकलन गरिएको | ३ | |
| ६.२ | वातावरणीय प्रभाव न्युनिकरणका उपायहरु सामेल गरिएको | ३ | |
| ७ | अन्य पक्षहरु | २० | |
| ७.१ | बिगतमा सम्पादित काम र प्रस्तावित कार्यक्रम बिच तालमेल रहेको | ५ | |
| ७ | संस्थाको अवस्थित र प्रस्तावित कार्यक्रम सञ्चालन स्थल बिचको तादात्म्यता | ५ | |
| ७.३ | कार्यविधि अनुसारका फर्मेट र अनुसूचीहरुको पालना | ५ | |
| ७.४ | भईरहेको व्यवसाय नभइ लगानि गर्ने खोजिएको नयाँ व्यवसाय | ५ | |
| ८ | स्वीकृत कार्यविधिका अनुसार थप आधारहरु | २३ | |
| ८.१ | सूचना अनुसार सम्बन्धित कार्यालयको प्राथमिकता | ५ | |
| ८.२ | आर्थिक प्रस्तावको गुणस्तर | ५ | |
| ८.३ | प्राविधिक प्रस्तावको गुणस्तर | ५ | |
| ८.४ | व्यावसायिक कार्य योजनाको स्पष्टता | ५ | |
| ८.५ | नियमानुसारको दस्तुर वा टिकट टाँस | ३ | |
| ९ | पेश भएका विवरणहरुको विश्वसनियता | ७ | |
| ९.१ | आवश्यक कागजातहरुको संलग्नता | ५ | |
| ९.२ | स्थानीय बासिन्दा बाट विरोध नहुने प्रमाण | २ | |
| | जम्मा | १०० | |

स्थानीय राजपत्र

**अनुसूची-९**
**सम्झौता-पत्र**

**मिति** : ........../../..

## सम्झौता पत्र ।

हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार भोजपुर (यस पछि पहिलो पक्ष भनिएको) र श्री ...................................... (यस पछि दोस्रो पक्ष भनिएको) का बीच ............................................................(कार्यक्रमको नाम) कार्यको लागि देहायका शर्तको अधिनमा रहि कार्य गर्न/गराउन मन्जुर भइ यो सम्झौता पत्रमा हस्ताक्षर गरी १/१ प्रति बुझिलियौं/दियौं ।

**<u>सम्झौताका शर्तहरु :</u>**

१. दोश्रो पक्षले पहिलो पक्षबाट स्वीकृत व्यवसाय योजना अनुसारका देहायका कार्यहरु सम्पन्न गर्नु पर्नेछ ।

| क्र.स | क्रियाकलाप विवरण | कुल लागत रु. | प्रथम पक्षले व्यहोर्ने रु. | दोश्रो पक्षले व्यहोर्ने रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| अक्षरुपी | | | | |

२. दोश्रो पक्षले कार्यक्रम सम्पन्न भएपछि पहिलो पक्षसंग अनुगमन/जाँचपास गराइ फरफरक लिनुपर्ने छ ।

३. उल्लेखित कार्य सम्झौता भएको मिति देखि.... दिन भित्र सम्पादन गरी सक्नु पर्नेछ ।

४.उल्लेखित कार्य सम्पन्न गरेवापत पहिलो पक्षबाट दोश्रो पक्षलाई विल भपाई/मुल्यांकनको आधारमा अनुदान रकम उपलब्ध हुनेछ ।

५. यस सम्झौतामा उल्लेख भए देखि बाहेक अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

| **प्रथम पक्ष** | **साँक्षी** | **दोश्रो पक्ष** |
|---|---|---|
| दस्तखत :<br>नाम :<br>पद : प्रमुख प्रशासकीय अधिकृत<br>कार्यालयःहतुवागढी गाउँ कार्यपालिकाको कार्यालय<br><br>छाप : | दस्तखत :<br>नाम :<br>पद :<br><br>दस्तखत :<br>नाम :<br>पद : | दस्तखत :<br>नाम :<br>पद :<br>संस्थाको नाम :<br><br>संस्थाको छाप : |

ईति सम्बत ...........साल .........महिना...... गते...... रोज शुभम ।

आज्ञाले :
**महेश निरौला**
**प्रमुख प्रशासकीय अधिकृत**

हलेसीगढी राजपत्र